गाँउ कार्यपालिकाबाट स्वीकृती मिति २०७५।०२।०२

# घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५

**मालिका गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

अर्खावाङ्ग,गुल्मी

# घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७५

नेपालको संविधान २०७२ बमोजिम स्वास्थ्य सेवाउपभोग गर्न पाउने जनताको अधिकार तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ अन्तरगत रहेर सुरक्षितमातृत्व,विद्यमान मातृ शिशु मृत्युदरमा कमी गर्न, नवजातशिशु र आमाको पोषणको अवस्थामा सुधार ल्याउन मालिका गाउँकार्यपालिकाले यो "सुत्केरी पोषणकार्यक्रमकार्यान्वयनकार्यविधि, २०७४"जारी गरेको छ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम" **घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७५"** रहेको छ।

२. यो कार्य बिधि मालिका गाउँपालिका बाट पारित भएपछि लागु हुनेछ।

**३. परिभाषा :**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(**क**) **"गाउँपालिका"** मालिका गाउँपालिकालाई सम्झनु पर्छ।

(**ख**) **"वडाकार्यालय"**भन्नाले मालिका गाउँपालिकाभित्रका वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(**ग**) **"स्वास्थ्य संस्था"**भन्नाले सरकारी वा नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल, शिक्षणअस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्यचौकी लाइ सम्झनु पर्छ।

(**घ**) "**बर्थिङ्ग सेन्टर भ**न्नाले यस गाउँपलिका अन्तरगताका चौबिसै घन्टे सुत्केरी सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(**ङ**) **"सेवाग्राही"**भन्नाले मालिका गाउपालिकाभित्रका चौबिश घण्टे पर्सुति सेवा उपलब्धभएका स्वास्थ्य संस्थाहरुमा सुत्केरीभएका महिलालाई सम्झनु पर्दछ।

(च) अनुगमन समिति भन्नाले यो कार्यबिधि बमोजिम गठन भएको अनुगमन समिति लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## घरमा सुन्य प्रशुती गाउँपालिका कार्यक्रम कार्यान्वयन प्रकृया

१. मालिका गाउँपालिकाका बर्थिङ् सेन्टरहरुलाई भौतिक पुर्बाधार, मानब श्रोत,र दक्ष जनसक्ति ब्यबस्थापन गर्ने ।

२. घरमा सुत्केरी हुने महिलाहरु लाई निरुत्साहित गरि स्वास्थ्य संस्थामा मात्र सुत्केरि हुने वातावरण श्रीजना गर्नको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने ।

३. गर्भवतीहरु पहिचान गरी प्रोटोकल बमोजिमको गर्भ जाचँ लाई सत प्रतिशत बनाउनको निम्ति प्रत्येक गर्भवतीको घरमा हरियो झन्डाको ब्यबस्था गर्ने ।

४. गर्भवती पोषण लाई थप पर्बधन गर्नको लागि प्रत्येक गर्भवती लाई एक क्यारेट अन्डा बितरण गर्ने ।

५. घरमा सुन्य प्रशुती गाउँपालिकाको आधार निर्माण गरनको लागि सुरुमा संस्थागत सुत्केरी वडा छनेट गरी अभियान संचालन गर्दै जाने ।

६. गाउँपालिका स्तरमा गोष्ठी गरी वडा छनौट गर्ने र मापदन्ड पुरा गरेका वडाहरु क्रमस घोषणा गर्दै जाने ।

७. पुर्ण संस्थागत सुत्केरी वडा/गाउँपालिका घोषणाको मापदन्ड तपशिल बमोजिम हुनेछ

क) कम्तिमा एक आर्थिक बर्षको अवधिभर उक्त वडामा घरमा सुत्केरी भएको हुनु हुदैन ।

ख) वडामा रहेको कुल गर्भवतीले वडामा रहेको स्वास्थ्य संस्थाको बर्थिङ्ग सेन्टर वा नेपाल सरकारले सुचिकृत गरेको कुनै पनि बर्थिङ्ग सेन्टरमा सुत्केरी भएको हुनु पर्दछ ।

ग) शत प्रतिशत गर्भवती महिलाहरुले पुर्ण टि डि खोप लगाएको हुनु पर्नेछ ।

घ) नेपाल सरकारको प्रोटोकल बमोजिम ९५% गर्भवती महिलाको गर्भ जाचँ भएको हुनु पर्नेछ ।

ङ) गर्भवतीको बेला शत परतिशतले १८० आईरन र जुकाको औषधि खाएको हुनु पर्नेछ ।

च) शतप्रतिसत गर्भवतीले पि एम टि सि टी सेवा स्वास्थ्य संस्था हार्फत लिएको हुनु पर्नेछ ।

छ) संस्थागत सुत्केरी लाई सधैका लागि निरन्तरता दिन स्थानिय स्तरमा दिगोपनाको योजना बनाएको हुनु पर्नेछ ।

ज) सुत्केरी जाचँ कार्यक्रम लाई थप प्रभावकारि रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

झ) यसरी एउटा स्वास्थ्य संस्था र वडाहरु घोषणा गर्दै गए पछि पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्न सकिनेछ ।

ञ) यसरी मापदन्ड पुरा गरिसकेपछि तोकिएको अनुसुचि बमोजिमको प्रतिबेदन सम्बन्धित वडाको स्वास्थ्य संस्था बाट पेश गर्नु पर्नेछ ।

ट) यसरी सम्पुर्ण मापदन्ड पुरा गरि सकेपछि वडा घोषणा गाउँपालिका ले गर्नेछ भने सम्पुर्ण वडा घोषणा को मापदन्ड पुरा गरिसके पछि जिल्ला समन्वय समित बाट पुर्ण संस्थागत प्रशुति गाउँपालिका घोषणा हुनेछ ।

## परिच्छेद ३

## बजेट व्यवस्थापन तथा वितरण

**४. बजेट व्यवस्था :** (१) घरमा सुन्य प्रशुती गाउँपालिका कार्यक्रम कार्यान्वयन/घोषणा र दिगोपना सु निश्चतताको लागि बजेटको व्यवस्था मालिका गाउँपालिकाको कार्यालयले गर्ने छ ।

## परिच्छेद ५

### अनुगमन तथा मुल्यांकन

**६. अनुगमनतथामुल्यांकनः** (१) सुन्य प्रशुती गाउँपालिका कार्यक्रम घोषणाको निम्ति तपशिल बमोजिमको अनुगमन समिति गठन हुनेछ ।

तपशिल

संयोजकः- गाउँपालिका अध्यक्ष

सदस्यः- गाउँपालिका उपाध्क्ष

सदस्यः-प्रमुख प्रसासकिय अधिकृत

सदस्यः-सम्बन्धित वडाध्यक्ष

सदस्यः-गाउँपालिकाको आमा सुरक्षा कार्यक्रम हेर्ने फोकल पर्शन

सदस्यः-सम्बन्धित वडाको स्वस्थ्य संस्था प्रमुख

सदस्य सचिबः-स्वास्थ्य साखा प्रमुख

सुन्य प्रशुती गाउँपालिका कार्यक्रम घोषणाको व्यवस्थापन, अनुगमन, मुल्यांकन, प्रचार प्रसार तथा समीक्षागाउँकार्यपालिकाको कार्यालय, वडाकार्यालयबाटहुनेछ।

**७. प्रतिवेदन** : घरमा सुन्य प्रशुती वडा घोषणाको मापदन्ड पुरा भएपछि गाउँपालिका लाई अनुगमनको निम्ति सम्बन्धित वडाको स्वास्थ् संस्थाले गाउँपालिका लाई पत्राचार गर्नु पर्नेछ र सो सगैं तोकिएको ढाचाँमा प्रतिबेदन संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

८. घरमा सुन्य प्रशुती ाकार्यक्रमलाई प्रभावकारी बनाउन गैर सरकारी क्षेत्र, सन्चार क्षेत्र, निजी क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ ।

९. यस कार्यविधिअनुसारको कार्यक्रमको समीक्षा नियमति रुपमागाउँकार्यपालिकाको कार्यालयले गर्ने छ ।

१०. यो कार्यविधिमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि २०७५ साल श्रावण १ गते देखी मालिका गाउँपालिका मा कार्यक्रम संचालन गरिनेछ ।

१०. कार्यविधि तथा अनुसूचीमा हेरफेर तथा संसोधन मालिका गाउँकार्यपालिकाको कार्यालयले यस कार्यविधि तथा अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर तथा संसोधन गर्न सक्नेछ ।

अनुसूची १

(दफा **२** को उपदफा **ञ** संग सम्बन्धित)

पुर्ण संस्थागत सुत्केरी वडा/गाउँपालिका घोषणाको

## प्रतिबेदन

## मालिका गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

अर्खावाङ्ग,गुल्मी

मिति २०७   ।   ।   गतेका दिन मालिका गाउँपालिका वडा नं.        मालिका गाउँपालिका

जिरोहोम डेलिभरि गाउँपालिका स्तरिय अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन ।

| सि.नं. | नामथर | उमेर | ठेगाना | गर्भ जाँच | | | | टि.डि.खोप | | सुत्केरी भएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चौथो महिना | छैठौं महिना | आठौं महिना | नवौं महिना | २ | २ + | | |
| | | | | | | | | | | | |